नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

**मिति: २०७८।०३।०७**

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण दरमा कमि आएता पनि जोखिम कायमै रहेकोले वर्तमान अवस्थाको विश्लेषण गरी कोभिड -१९ को संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०३।०७ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०३।०७ गते राती १२:०० बजे देखि मिति २०७८।०३।१४ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. सवै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पुस्तकालय, संग्रहालय, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, व्यूटी पार्लर, जिमखाना, दर्शक सहितको खेलकुद लगायत मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न नपाइने।

२. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि गर्न गराउन नपाईने।

३. स्वास्थ्य सेवा, दुध डेरी, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय बाहेक अन्य पसल/व्यवसाय बिहान ६:०० बजे देखि दिउसो ३:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

४. अनुमति प्राप्त बाहेकका सार्वजनिक सवारी साधन सञ्चालन गर्न नपाईने। सरकारी, निजी तथा मालबाहक लगायत अन्य सवारी साधन जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्न सकिने।

५. उद्योग तथा कलकारखाना र सार्वजनिक तथा निजी निर्माण कार्य जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्न सकिने।

६. शैक्षिक संस्थाहरुले भौतिक उपस्थितिमा पठनपाठन तथा परीक्षा सञ्चालन हाललाई स्थगन गर्ने। शैक्षिक गतिविधिहरु अनलाईन तथा भर्चुअल माध्यमबाट सञ्चालन गर्न सकिने।

७. विवाह, व्रतबन्ध तथा सामुहिक रुपमा गरिने धार्मिक, सांस्कृतिक कार्यहरु बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी गर्न सकिने तर होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने।

८. नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने। अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने। नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

९. सार्वजनिक सेवा प्रवाह गर्ने सबै सरकारी/सार्वजनिक निकाय, बैंक तथा वित्तीय संस्था, गैर सरकारी संघ संस्था, सहकारी संस्था लगायत अन्य निकायहरुले भिडभाड नहुने गरि जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि आलोपालो/वार प्रणाली/टोकन प्रणाली/कोटा निर्धारण जस्ता उपयुक्त विधि अपनाई सोको पूर्व सूचना गरि सेवा प्रवाह गर्ने।

१०. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यवृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ।

११. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुने।

२०७८/३/१०
राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी